# मिति २०७७ साल कार्तिक १७ गतेको कार्यपालिकाको बैठकको निर्णय

**प्रस्तावित विषयहरु:-**

१. समिक्षा सम्बन्धमा ।
२. सभा व्यवस्थापन समिति सम्बन्धमा ।
३. विधेयक सम्बन्धमा ।
४. कार्यपालिका समिति पुनर्गठन सम्बन्धमा ।
५. ५ शैय्याको अस्पताल सम्बन्धमा ।
६. लागत साझेदारीमा एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा ।
७. साना सिंचाई योजना बैंक सम्बन्धमा ।
८. प्रतिवेदन सम्बन्धमा
९. रकमान्तर सम्बन्धमा ।
१०.स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धमा ।
११.जाल्पा मा.वि. कक्षा स्तोरोन्नति सम्बन्धमा ।
१२.स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समिति सदस्य मनोनयन सम्बन्धमा ।
१३.सडक उद्धाटन सम्बन्धमा ।
१४.विविध सम्बन्धमा ।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः कार्यान्वयन भई रहेको अवश्थामा निर्णयहरुको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी अगाडि बढ्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा मिति २०७७/०७/२४ गते सञ्चालन हुने बिशेष सभालाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि देहाय बमोजिमको सभा व्यवस्थापन समिति बनाउने सर्वसम्मतबाट निर्णय गरियो ।

१. टिकाराम क्याप्छाकि - संयोजक

२. टेक बहादुर वि.क. - सदस्य

३. लाल कुमारी बर्मे - सदस्य

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा मिति २०७७/०६/१६ गते कार्यपालिकाको बैठकमा पेश तथा प्रस्तुत भएका देहायका बिधेयकहरु केही संशोधन सहित अनुमोदन गरि आउदो बिशेष सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो। विधेयकहरु यसै साथ संलग्न छन्।

क) प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
ख) वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७
ग) स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ लाई दोश्रो पटक संशोधन गर्न बनेको विधेयक, २०७७

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा विगतमा गठित कार्यपालिकाको समितिहरु देहाय बमोजिम पुनर्गठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

| **समितिको नाम** | **विगतको समितिको सदस्यहरुको नाम, थर र पद** | **पुनर्गठित समितिको सदस्यहरुको नाम, थर र पद** |
|---|---|---|
| वातावरण तथा विपद् व्यवस्थापन समिति | संयोजकः टिकाराम क्याप्छाकी मगर<br>सदस्यः टेक ब. वि.क.<br>सदस्यः लाल कुमारी तोलाङ्गी बर्मे<br>सदस्यः सुकवीर तामाङ्ग<br>सदस्यः सीता खत्री | संयोजकः टिकाराम क्याप्छाकी मगर<br>सदस्यः टेक ब. वि.क.<br>सदस्यः लाल कुमारी तोलाङ्गी बर्मे<br>सदस्यः सुकवीर तामाङ्ग<br>सदस्यः सीता खत्री<br>सदस्य सचिवः संयोजकको समन्वयमा कार्यालयले तोकेको कर्मचारी |
| विधेयक समिति | संयोजकः कुमार राज सुवेदी<br>सदस्यः वेद ब. कार्की<br>सदस्यः विशाल कुमार पौडेल<br>सदस्यः रेखा कुमारी तामाङ्ग<br>सदस्यः भीम बहादुर मगर | संयोजकः कुमार राज सुवेदी<br>सदस्यः वेद ब. कार्की<br>सदस्यः विशाल कुमार पौडेल<br>सदस्यः रेखा कुमारी तामाङ्ग<br>सदस्यः भीम बहादुर मगर<br>सदस्य सचिवः संयोजकको समन्वयमा कार्यालयले तोकेको कर्मचारी |
| पूर्वाधार विकास समिति | संयोजकः वेद ब. कार्की<br>सदस्यः विशाल कु. पौडेल<br>सदस्यः कुमार राज सुवेदी<br>सदस्यः गोपाल ब. खत्री<br>सदस्यः टेक ब. वि.क. | संयोजकः वेद ब. कार्की<br>सदस्यः विशाल कु. पौडेल<br>सदस्यः कुमार राज सुवेदी<br>सदस्यः गोपाल ब. खत्री<br>सदस्यः टेक ब. वि.क.<br>सदस्य सचिवः संयोजकको समन्वयमा कार्यालयले तोकेको कर्मचारी |
| सामाजिक विकास समिति | संयोजकः विशाल कु. पौडेल<br>सदस्यः मावर सुनुवार | संयोजकः विशाल कु. पौडेल<br>सदस्यः मावर सुनुवार |

| | | |
|---|---|---|
| | सदस्यः तिलक माया खत्री<br>सदस्यः जागेश्वर भट्टराई<br>सदस्यः नरमाया कार्की | सदस्यः तिलक माया खत्री<br>सदस्यः जागेश्वर भट्टराई<br>सदस्यः नरमाया कार्की<br>सदस्य सचिवः संयोजकको समन्वयमा कार्यालयले तोकेको कर्मचारी |
| आर्थिक विकास समिति | संयोजकः रामहरी बुढाथोकी<br>सदस्यः विशाल कु. पौडेल<br>सदस्यः मावर सुनुवार<br>सदस्यः गोपाल खड्का<br>सदस्यः सोकर्ण श्रेष्ठ | संयोजकः रामहरी बुढाथोकी<br>सदस्यः विशाल कु. पौडेल<br>सदस्यः मावर सुनुवार<br>सदस्यः गोपाल खड्का<br>सदस्यः सोकर्ण श्रेष्ठ<br>सदस्य सचिवः संयोजकको समन्वयमा कार्यालयले तोकेको कर्मचारी |
| सार्वजनिक सेवा तथा क्षमता विकास  समिति | संयोजकः घन ब. कार्की<br>सदस्यः रामहरी बुढाथोकी<br>सदस्यः टेक ब. वि.क.<br>सदस्यः रामचन्द्र बोगटी<br>सदस्यः भोज ब. पाण्डे | संयोजकः घन ब. कार्की<br>सदस्यः रामहरी बुढाथोकी<br>सदस्यः गोपाल ब. खत्री<br>सदस्यः टेक ब. वि.क.<br>सदस्यः भोज ब. पाण्डे<br>सदस्य सचिवः संयोजकको समन्वयमा कार्यालयले तोकेको कर्मचारी |

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा ५ शैय्याको अस्पताल सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिम सर्वसम्मतबाट निर्णय गरियो।

क) जग्गा प्राप्तिको लागि जग्गा छनौट समितिले ल्याएको प्रतिवेदनमा उल्लेखित प्राथमिकता नं. १ मा परेको भक्त बहादुर खड्का, राधेश्याम खड्का, घन बहादुर खड्काको  नाममा रहेको साबिक यसम १ कुभिण्डेमा अवश्थित कित्ता नं. साबिक १५४ मा रहेको १५ रोपनि जग्गा निशुल्क प्राप्त गर्ने। प्रतिवेदन यसै साथ संलग्न छ।

ख) भवन निर्माणको लागि शशर्त कार्यक्रम अन्तर्गत आएको बजेटबाटै खर्च गर्ने गरि संलग्न लगत ईस्टिमेट बमोजिम भुगर्विय अध्ययन गराई DPR तयार गर्ने।

६. **निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा निर्माणधिन स्वेतगंगा हाईड्रोपावर प्रोजेक्टबाट प्रभावित यसै गाउँपालिका वडा नं. ९, ८, ७, ६, ५ र ४ मा सञ्चालन भै रहेको सामुदायिक सहयोग कार्यक्रमको बजेट कटौति नहुने गरि एम्बुलेन्स खरिद, व्यवस्थापन तथा सञ्चालनको लागि अनुरोध गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

७. **निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा साना सिंचाई योजना बैंक स्थापना गर्नको लागि वडा कार्यालयबाट प्राप्त देहाय बमोजिमका योजनाहरुलाई साना सिंचाई योजना बैंकमा समावेश गर्न यस बैठकबाट अनुमोदन गरि आउदो बिशेष सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| वडा नं. | सिंचाई योजनाहरु |
|---|---|
| १ | १. राङ्चा सिंचाई योजना, लिखु १ |
| २ | १. अर्चले टुनिबोटे सिंचाई योजना, लिखु २ |
| ३ | १. जरुवा खोला सिंचाई योजना, लिखु ३<br>२. घट्टेकुलो मुहान, चनौटे सिंचाई योजना, लिखु ३<br>३. गोमनसिंग मुहान, टिमुरबोट, दारेगौँडा सिंचाई योजना, लिखु ३<br>४. मगर सेरा माझिटार सिंचाई योजना, लिखु ३<br>५. टिमुरे खोल्सि  नयाँटार सिंचाई योजना, लिखु ३ |
| ४ | १. ओख्लेबेशी सिंचाई योजना, लिखु ४<br>२. सेतो पैरो जामुनेटोल सिंचाई योजना, लिखु ४<br>३. झगरे सिंचाई योजना, लिखु ४ |
| ५ | १. महभिर काफ्ले गाउँ घुर्बिसे सिंचाई योजना, लिखु ५<br>२. जुकेखोला डाँडागाउँ सिंचाई योजना, लिखु ५-४<br>३. महभिर कुटिडाँडा सिंचाई योजना, लिखु ५ - ४ |
| ६ | १. जुकेखोला खाल्टे सिंचाई योजना, लिखु ६<br>२. डुडेखोला माटे बेसी सिंचाई योजना, लिखु ६ |
| ७ | १. खहरे दोभान तिलखोरिया मेच्चे सिंचाई योजना, लिखु ७<br>२. गौँडेखोला सिंचाई योजना, लिखु ७ |
| ८ | १. डुडेखोला खुदुर्कि मझुवा सिंचाई योजना, लिखु ८<br>२. साकाले खोला चिन्टार सिंचाई योजना, लिखु ८<br>३. साकाले खोला मझुवा सिंचाई योजना, लिखु ८<br>४. भालुखोला डाँडाखर्क सिंचाई योजना, लिखु ८ |
| ९ | १. पोकलि झरना दमाई डाँडा झगरे बारी सिंचाई योजना, लिखु ९<br>२. लेति खोला पिपल डाँडा सिंचाई योजना, लिखु ९ |

८. **निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा यस बैठकमा प्रस्तुत भएका त्रैमासिक आय व्यय प्रतिवेदन, कोभिड १९ अस्थाई अस्पताल व्यवस्थापन र सडक व्यवस्थापन सम्बन्धी भएको प्रगति बारे बैठकमा जानकारी गराईयो ।

९. **निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा  देहाय बमोजिम रकम रकमान्तरको लागि आउदो बिशेष सभाबाट स्वीकृतिको लागि सभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| चालू खर्च तर्फ | | | | | |
|---|---|---|---|---|---|
| **खर्च संकेत** | **खर्च शीर्षक** | **विनियोजित बजेट** | **संशोधन गर्नु पर्ने कारण** | **हाल कायम रकम** | **कैफियत** |
| २२२१३ | सवारी साधन मर्मत | १०,००,०००।०० | सवारी मर्मतका लागि अपुग रकम भैपरी आउने चालू खर्च शीर्षकबाट रु. ५,००,२९०।०० थप गर्नु पर्ने। | १५,००,२९०।०० | |
| २८९११ | भैपरी आउने चालू खर्च | ५,००,२९०।०० | सवारी साधन मर्मतमा अपुग रकम यस बाट थप गरेको। | ०।०० | |

**१०.निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम सम्बन्धी मिति २०७७/०३/०६ गतेको कार्यपालिकाको बैठकको निर्णयलाई कार्यान्वयनमा लैजाने सर्वसम्मतबाट निर्णय गरियो।

**११.निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिका वडा नं. ८ मा रहेको जाल्पा माध्यमिक विद्यालय हाल कक्षा १० सम्म सञ्चालनमा रहेको अवश्थामा वि.व्या.स.को मिति २०७६/१२/२३ र मिति २०७७/०६/२३ गतेको निर्णय तथा गाउँ शिक्षा समितिको मिति २०७७/०६/२१ गतेको निर्णयलाई अनुमोदन गरि कक्षा १२ सम्म विद्यालय सञ्चालनको लागि अनुमति प्रदान गर्न बिषेश गाउँसभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**१२.निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिलाई पुर्णता दिन बिद्यालय सम्पर्क व्यक्तिको रुपमा देहायका सदस्य मनोनयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

क) सदस्य - उर्मिला अधिकारी (ज्ञानज्योति मा.वि., स्टाफ नर्स)

ख) सदस्य - जनक कटवाल (जनजीवन मा.वि., शिक्षक)

**१३.निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा सिरिसे-श्रीचौर र गाम्नाङ्टार पोखरी- पोकलि पोखरी सडक संघीय माननिय यज्ञराज सुनुवारको प्रमुख आथित्यमा मिति २०७७/०७/२३ गते उद्घाटन गर्ने सो कार्यको व्यवस्थापनको लागि देहायको व्यवस्थापन समिति बनाउने र समितिले कार्यक्रमको संयोजनको लागि सम्पूर्ण कार्य गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

१. बेद बहादुर कार्की - संयोजक

२. बिशाल कुमार पौडेल - सदस्य

३. सुकबिर तामाङ - सदस्य

४. टिकाराम क्याप्छाकी - सदस्य

५. तिलकमाया खत्री - सदस्य

**१४. निर्णय नं. १४,** प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा आवश्यकता अनुसार कार्यपालिकाको बैठक बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।